# सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प सं : शिक्षा २०८२/०८३
च नं : ७६४

नेपाल संवत् ११४६
मिति २०८२।०७।०९

श्री जो जससँग सम्बन्ध राख्दछ,

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि सूचना।**

उपरोक्त सम्बन्धमा लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिकास्थित श्री बहिरा बाल माध्यमिक विद्यालय, सि.न.पा-२, **रुपन्देहीमा, प्राथमिक तहका** स्थायी शिक्षक **अनिवार्य अवकास** भइ रिक्त भएको **प्राथमिक** तहको शिक्षक पदमा सरुवाको प्रकृया अगाडी बढाइदिन भनी उक्त **विद्यालयको च.नं. ०४२** मिति २०८२/०६ /०९को पत्र तथा सो **विद्यालयको** विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०६/०२ को निर्णयबाट यस कार्यालयमा अनुरोध भई आएकोले **प्राथमिक तहका** स्थायी शिक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र **शिक्षा नियमावलीको अनुसूची-१७** बमोजिमको ढाँचामा सम्वन्धित **विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइ**को सहमती पत्र सहित सम्बन्धित विद्यालयमा निवेदन पेश गर्नका लागि **शिक्षक सरुवा सम्बन्धि निर्देशिका-२०८१ को दफा ९** बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्च :**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना deafschool0007@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ। सम्पर्क नं. ९८५७०१०१०८

२. म्याद नाघी वा तोकिए बमोजिम रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै काम कारवाही हुने वा गरिने छैन।

३. प्राथमिक तहका शिक्षकले मात्र निवेदन पेश गर्न सक्ने छन्।

२०८२/०७/०९
जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, रुपन्देही ।
२. श्री बहिरा बाल माध्यमिक विद्यालय, सि.न.पा-२, रुपन्देही ।
३. श्री सूचना प्रविधि शाखा,सि.न.पा.का.: सूचना वेबसाइटमा अपलोड गरिदिनुहुन।

फोन नं. : ५२०३५५, ५२०१०८, ५२०११२ फ्याक्स : ००९७७-७१-५२०१६५